स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



दक्षिण भारतीय सिनेमाका दिग्गज अभिनेता मोहनलालका फिल्मलाई लिएर दर्शकमाझ सधैं फरक क्रेज देखिने गर्छ । लामो समयदेखि प्रशंसकहरू उनको फिल्म "दृश्यम ३" को पर्खाइमा छन्, तर केही समयअघि "दृश्यम ३"को प्रदर्शन मिति घोषणा गरिएको भए पनि निर्माण पक्षले अचानक त्यसमा फेरबदल गरेको छ । अब यो फिल्म पूर्वनिर्धारित अप्रिल महिनाको साटो अर्को महिना मात्रै प्रदर्शनमा आउने भएको छ ।

**आजको विचार...**



आत्मनिर्भरको...
*(दुई पेजमा)*

डा. नारायणप्रसाद निरौला



आँचल शमा एक नेपाली अभिनेत्री र मोडल हुन् । उनले आफ्नो अभिनय यात्राको आरम्भ नेपाली चलचित्र नाई नभन्नु ल ४बाट गरेकी हुन् । पहिलो चलचित्रको सफलता पछि उनले शत्रु गते र जोनी जेन्टलम्यान नामक चलचित्रमा समेत भूमिका गरिन् । उनको जन्म सन् १९९५ मार्च १८, काठमाडौंमा भएको थियो । नेपाली चलचित्र उद्योगमा प्रवेश गर्नु अगावै उनी एक सौन्दर्य प्रतियोगिता जितेकी थिइन् ।

❐ वर्ष ३१ ❐ अंक २४० ❐ २०८२ चैत १५ गते आइतबार 29 March 2026, Sunday ❐ पृष्ठ संख्या ४ मूल्य रू ५/-

# पूर्व प्रधानमन्त्री ओली र पूर्व गृहमन्त्री लेखक पक्राउ

## देशको राजनीति तरंगित, रिहाइको माग गर्दै सडकमा प्रदर्शन

### गिरफ्तारी प्रतिशोधपूर्ण र गैरकानूनी भएको एमालोको आरोप

**हाम्रा संवाददाता**

**काठमाडौं,** चैत १४/जेनजी आन्दोलनमा दमन गरेको भन्दै पूर्वप्रधानमन्त्री केपी शर्मा ओली र पूर्वगृहमन्त्री रमेश लेखक पक्राउ परेका छन् । प्रहरीले शनिबार बिहानै पूर्वप्रधानमन्त्री एवम् एमाले अध्यक्ष ओलीलाई भक्तपुरको गुण्डुस्थित निवासबाट र पूर्वगृहमन्त्री लेखकलाई भक्तपुरको कटुञ्जेस्थित निवासबाट पक्राउ गरेको हो ।

ओली र लेखकलाई प्रहरीले नियन्त्रणमा लिएसँगै मुलुकको राजनीतिक परिस्थिति तरंगित बनेको छ । पूर्वप्रधानमन्त्री र ठूलो राजनीतिक दलको अध्यक्ष र पूर्व गृहमन्त्री पक्राउ पर्नुले पनि नेपाली राजनीति तरंगित बनेको हो । राजनीतिक विश्लेषकहरूका अनुसार यो घटनाले सत्ता पक्ष र प्रतिपक्षबीचको दूरीलाई चरम सीमामा पुऱ्याउनेछ । उनीहरु पक्राउ परेसँगै एमालेका भ्रातृ संगठनहरू र समर्थकहरू



राजधानीलगायत देशभरका प्रमुख शहरहरूमा सडक प्रदर्शनमा उत्रिएका छन् । प्रदर्शनमा पुगेका एमाले कार्यकर्ता र प्रहरीबीच झडप समेत भएको छ । प्रदर्शनकारीहरूले सरकार विरोधी नाराबाजी गर्दै तत्काल उनीहरुको रिहाइको माग गरेका छन् ।

**गिरफ्तारी प्रतिशोधपूर्ण र गैरकानूनी भएको एमालोको आरोप**

नेकपा (एमाले) ले पार्टी अध्यक्ष एवं पूर्वप्रधानमन्त्री केपी शर्मा ओली र नेपाली काँग्रेसका नेता रमेश लेखकको गिरफ्तारीलाई प्रतिशोधपूर्ण र गैरकानूनी ठहर गरेको छ । पार्टीका उपाध्यक्ष रामबहादुर थापा 'बादल'ले यो कदम लोकतान्त्रिक मूल्य र कानूनी शासनको मर्म विपरीत रहेको ठहर एमालेको रहेको बताएका छन् । उनले गौरीबहादुर कार्कीको अध्यक्षतामा गठित आयोगको प्रतिवेदन पूर्वाग्रही र प्रतिशोधपूर्ण रहेको ठहर गर्दै घटनाको निष्पक्ष छानबिनका लागि सर्वोच्च अदालतका बहालवाला न्यायाधीशको अध्यक्षतामा उच्चस्तरीय छानबिन आयोग गठन गर्न माग गरे । नेपाली काँग्रेसले पनि प्रतिवेदनको अध्ययन गरेर मात्र एक्सनमा जाने जनाएको छ ।

**ओली अस्पताल भर्ना**

एमाले अध्यक्ष ओलीलाई त्रिवि शिक्षण अस्पताल महाराजगन्जमा भर्ना गरिएको छ । उनलाई अस्पतालको 'एनेक्स वान' भवनको बेडमा भर्ना गरिएको हो । ओली पक्राउ परेपछि स्वास्थ्य परीक्षणका लागि अस्पताल लगिएको थियो ।

**'ओली-लेखक पक्राउ अपरिपक्व निर्णय'**

पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीले भदौ २३ र २४ गतेको घटनासम्बन्धी जाँचबुझ आयोगको प्रतिवेदन कार्यान्वयन गर्ने सरकारको निर्णयप्रति गम्भीर ध्यानाकर्षण भएको बताएकी छन् । उनले विज्ञप्ति जारी गर्दै बालेन्द्र शाह नेतृत्वको सरकारले प्रतिवेदन कार्यान्वयन गर्ने निर्णयसँगै तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली र पूर्वगृहमन्त्री रमेश लेखकलाई पक्राउ गरिएको विषय अत्यन्त संवेदनशील र दूरगामी प्रभाव पार्ने खालको रहेको उल्लेख गरेकी छन् । 'यस्तो प्रकारको अपरिपक्व निर्णय संविधान, प्रचलित कानुन तथा स्थापित लोकतान्त्रिक अभ्याससँग मेल नखाने देखिन्छ,' उनले भनेकी छन् । आयोगको प्रतिवेदन कार्यान्वयन गर्दा विधिसम्मत प्रक्रिया, पर्याप्त अध्ययन र संस्थागत परामर्श आवश्यक हुने उनको भनाइ छ । छन् ।

## संक्षिप्त समाचार

### समुन्द्री तटमा २२ जना आप्रवासीको मृत्यु

**(रासस/एएफपी)**

**एथेन्स(ग्रीस),** चैत१४/ग्रीसको समुन्द्री तटमा एउटा डुंगामा फसेको छ दिन पछि २२ जना आप्रवासीको मृत्यु भएको डुंगामा जीवित रहेका व्यक्तिहरूलाई उदृत गर्दै शनिबार ग्रीक तटरक्षकले बताएका छन् । यस अघि शुक्रबार राति तटरक्षकले एक महिला र एक नाबालिकासहित २६ जनालाई युरोपेली सीमा एजेन्सीको जहाजले क्रेटबाट उद्धार गरेको बताएको छ । जिवित मानिसहरूले मृतकहरुको शव समुन्द्रमा फ्याँकिएको बताएका छन् दुईजना घाइते व्यक्तिहरूलाई क्रेटको हेराक्लिओनको अस्पतालमा लगिएको तटरक्षकले जनाएका छन् । जिवित व्यक्तिहरूको बयानको आधारमा, तटरक्षकले डुंगा गत मार्च -२१ मा पूर्वी लिबियाको बन्दरगाह शहर टोब्रुकबाट ग्रीसको लागि प्रस्थान गरेको बताएका थिए । जुन युरोपेली सैमा शरण खोज्ने धेरै आप्रवासीहरूको प्रवेशद्वार भएको जनाइएको छ । यात्राको क्रममा डुंगामा सवार यात्रुहरूले छ दिन सम्म खाना र पानीको अभावमा समुद्रीतटमा ज्यान गुमाएको तटरक्षकले बताएका छन् । मृत्युकको शवहरू एकजना तस्करको आदेशमा समुन्द्रमा फ्याँकिएको बताइएको छ भने, ग्रीक अधिकारीहरूले १९ र २२ वर्षका दुई दक्षिण सुडानी पुरुषहरूलाई तस्करको आरोपमा पक्राउ गरेका छन् ।

# सवारी दुर्घटनामा तीन जनाको मृत्यु



**हाम्रा संवाददाता**

**नवलपरासी,** चैत १४/ पूर्व-पश्चिम राजमार्गअन्तर्गत पश्चिम नवलपरासीको दाउन्नेमा शुक्रबार राति भएको सवारी दुर्घटनामा तीन जनाको मृत्यु भएको छ । राति करिब १२:४० बजे पूर्वबाट पश्चिमतर्फ जाँदै गरेको ना७ ख ९३९८ नम्बरको ट्रकले सोही दिशाबाट जाँदै गरेको लु२ख २३५१ नम्बरको बस र ना५च २२७५ नम्बरको पिकअपलाई ठक्कर दिदाँ तीन जनाको मृत्यु भएको हो ।

दुर्घटनामा परी रोल्पा बागमारा बस्ने अन्दाजी २५ वर्षीय गोविन बुढा, अन्दाजी २५-२६ वर्षका एक पुरुष र बसमा च्याप्पिएका अर्का एक पुरुषको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय नवलपरासीले जनाएको छ । मृतक दुई जनाको नाम थर खुल्न बाँकी छ । दुर्घटनापछि बस र ट्रक सडकबाट तल खसेका थिए भने पिकअप सडक किनारमा पुगेको थियो । दुर्घटनामा १५ जना घाइते भएका छन् । घाइते मध्ये १३ जनालाई थप उपचारका लागि बुटवलस्थित लुम्बिनी सिटी अस्पताल पठाइएको छ भने दुई जनाको चिसापानी अस्पतालमा उपचार भइरहेको छ । दुर्घटनामा घाइतेमध्ये ११ जनाको अवस्था गम्भीर रहेको प्रहरीले जनाएको छ । घटनाको विणयमा थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

# पाल्पा उद्योग वाणिज्य संघमा नयाँ नेतृत्व, अध्यक्षमा सिंह

**रामचन्द्र रायमाझी**

**पाल्पा,** चैत १४/पाल्पा उद्योग वाणिज्य संघको आगामी तीन वर्षे कार्यकालका लागि नयाँ नेतृत्व आएको छ । संघको १७ औं अधिवेशनबाट समिरमान सिहंको नेतृत्वमा संघले नयाँ नेतृत्व पाएको हो ।



शनिबार भएको मतदानको राती अबेर आएको अन्तिम मतपरिणाम अनुसार सिंहले अध्यक्ष पदका प्रतिस्पर्धी शैलेन्द्र भट्टराईलाई ६८ मतान्तरले पछि पार्दै संघको अध्यक्षमा विजयी भएका हुन् । सिंहले ५७९ मत ल्याएर बिजयी हुँदा निवर्तमान अध्यक्ष समेत रहेका भट्टराईले ५११ मत प्राप्त गरेको निर्वाचन अधिकृत टंक प्रसाद पन्थले जानकारी दिए । अध्यक्ष पदमा एक हजार एक सय१२ मत खसेको थियो । जसमा २१ मत बदर भएको छ । यी दुवै काँग्रेस निकट व्यवसायी हुन् । दुवैले छुट्टाछुट्टै प्यानल बनाएर चुनावी मैदानमा उत्रिएका थिए । अध्यक्षमा निर्वाचित सिंहलाई संघका पूर्व अध्यक्षहरुको समर्थन रहेको थियो भने पराजित भट्टराईलाई नयाँ पुस्ताका व्यवसायीहरुको समर्थन थियो । अध्यक्षमा निर्वाचित सिंह संघको निवर्तमान महासचिव हुन् । तीन वर्ष महासचिवको अनुभव उनले लिइसकेका छन् ।

संघको २५ सदस्यीय समितिको लागि ३६ जनाले उम्मेदवारी दिएका थिए । यस्तै, वाणिज्य उपाध्यक्षमा भएको निर्वाचनमा रञ्जना अर्याल थापाले ५३१ मत ल्याएर विजयी भएकी छन् । उनका प्रतिद्वन्दी सुरेन्द्र कर्माचार्यले ३३६ मत ल्याए । त्यस्तै उद्योग उपाध्यक्षमा मुक्तिराम जि.सी. यस अघि नै निर्बिरोध निर्वाचित भएका छन् । त्यस्तै क्षेत्रगत सदस्यहरुमा भने मिश्रित परिणाम आएको छ । क्षेत्र नं. ३ मा दुई पदको लागि भएको निर्वाचनमा विनोद नेपाल, विश्व के.सी. र विष्णुप्रसाद रेग्मी चुनावी मैदानमा थिए । जसमा विनोद नेपाल र विश्व के.सी. विजयी भएका छन् । यस्तै क्षेत्र नं. ४ मा दुई सदस्यको लागि नारायण न्यौपाने, मञ्जु रेग्मी र नारायण बहादुर पछाईबिच प्रतिष्प्रर्धा भएको थियो । जसमा नारायण न्यौपाने र नारायण बहादुर पछाई विजयी भएका छन् ।

*(... बाँकी अन्तिम पेजमा)*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## मुलुकको अभिभारा युवाको काँधमा

मुलुकको अभिभारा युवाको काँधमा आएको छ । शुक्रबार राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) संसदीय दलका नेता ३६ वर्षीय बालेन्द्र शाहले प्रधानमन्त्रीको नेतृत्व गरेसँगै देशको अभिभारा युवाको काँधमा आएको हो । यो सँगै नेपाली राजनीति नयाँ चरणमा प्रवेश गरेको छ । नवयुवा पुस्ताले गरेको आन्दोलनको सफलतास्वरूप मुलुकको राजनीतिक नेतृत्व युवापुस्ताको काँधमा आएको हो । अहिलेसम्म मुलुकको नेतृत्व पुरानो पुस्ताले गर्दै आएको थियो । गत फागुन २१ गते सम्पन्न आमनिर्वाचनमा रास्वपाले झन्डै दुई तिहाइ बहुमत ल्यायो । यही सफलताले २०७२ सालमा नयाँ संविधान बनेयता एकल पार्टीको नेतृत्वमा बहुमतको सरकार बनेको छ । यो सरकारले बिनाअवरोध पाँच वर्ष मुलुकको नेतृत्व गर्न पाउने अवसर प्राप्त गरेको छ । अब राजनीतिक अस्थिरता र अस्थिर सरकारको पीडाबाट मुलुकले मुक्ति पाउने आम नागरिकको विश्वास छ ।

हिजोका कुरीति र विकृतिविरुद्ध आवाज उठाउने र समाजलाई सचेत गराउने पुस्ता आज सरकारको जिम्मेवारी तहमा पुगेको छ । ती सबैको आशा र भरोसाको केन्द्रमा बालेन छन् । बालेनको शपथ सुशासनको हो । शंखनाद र मन्त्रोच्चारण जनताको सुख, समृद्धि र शान्तिका लागि हो । यो मर्म बुझेर अघि बढ्न बालेनले फरक शैली, संस्कार र व्यवहार अपनाउनै पर्छ । विगतका राम्रा कामलाई निरन्तरता दिँदै नराम्रा पक्षलाई हटाउदै जानु वर्तमान सरकार दायित्व रहने छ । यसका लागि सिंगो रास्वपाको भूमिका प्रमुख हुनेछ भने अन्य दल, कर्मचारीतन्त्र, सामाजिक र पेसागत क्षेत्रबाट समेत उत्तिकै रचनात्मक सहयोगको खाँचो छ । नकारात्मकता त्यागेर सिर्जनात्मक बन्दै हातेमालो गर्न सके साँच्चै देशको अवस्था र जनताको मुहार फेर्न सम्भव छ । इतिहासले अवसर सबैलाई दिन्छ तर त्यसलाई सही रूपमा उपयोग गर्ने क्षमता सीमित व्यक्तिहरूमा मात्र हुन्छ । यो सरकारका लागि पनि त्यही क्षण आएको छ । यदि यसले पुरानो परम्परालाई तोड्दै नयाँ मानक स्थापित गर्न सक्यो भने, यसले केवल सफल सरकारको रूपमा होइन, परिवर्तनको प्रतीकको रूपमा आफ्नो पहिचान बनाउनेछ । अन्यथा, बहुमतको शक्ति भएर पनि अपेक्षाहरू पूरा गर्न नसक्ने सरकारको सूचीमा अर्को नाम थपिनेछ ।

## Opinion @ Social Network

आमाले भन्नुभएको जबसम्म आफ्नो पालो आउँदैन,अरुको बचन होस् या अपमान मुस्कुराउदै सहन सिक्नुपर्छ ।

*(भिमा कार्कीको फेसबुक स्टाटसबाट www.facebook.com/Bhima.karki)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# आत्मनिर्भरको बाटोमा



डा. नारायणप्रसाद निरौला

*अबको बाटो प्राच्यदेखि अत्याधुनिक प्रविधिसँग साक्षात्कार गर्नसक्ने हुनुपर्दछ । आजको उन्नत प्रविधिलाई आत्मसाथ गरी हाम्रा गूढतम रहस्यका विषयवस्तुलाई पनि तदनुकूल बनाउने बाटोमा अघि बढ्नु आवश्यक देखिन्छ । आजको एआईसँगै हाम्रा संस्कृति, सभ्यताका, ग्रन्थ परम्पर लाई पनि जोड्न सकिन्छ । प्राच्य र आधुनिक विषय दुवैको मिहिन अध्ययन अनुसन्धानबाटै हाम्रो कल्याण सम्भव छ । आधुनिकताका नाममा स्वकीय अस्तित्व कदापि भुल्नु हुँदैन । किनकि हाम्रा पूर्खा ऋषि महर्षिले दिएका दिव्य ज्ञान नै आजको विज्ञानका जनक हुन् । हामीमा शास्त्र छन्, परम्परा छ, प्रयोगका उदाहरण छन् केवल अभ्यासको कमी छ । यसैले अवको मार्ग स्वकीय चिन्तनसहितको युगअनुकूल अभ्यास गर्नसक्ने हुनु आवश्यक छ ।पूर्वीय संस्कृति र सभ्यता विश्वमै सर्वप्राचीन मानिन्छ । ऋग्वेद सर्वप्राचीन ग्रन्थ हो । वेदमा मानव कल्याणका अनन्त उपाय छन् । आज ती ज्ञानको खोज अनुसन्धान र प्रयोगभन्दा पनि उपेक्षाको दृष्टिले हेर्ने प्रवृत्ति मौलाएको छ । जीवनदर्शन वेदको परं उपलब्धि हो ।*

वासन्ती पालुवासँगै नयाँ परिवेशको सिर्जना भएको छ । निराशाबाट आशाको सञ्चार जागृत भएको वर्तमान परिवेश छ । अनेकौं अभावको पीडा सहेर भए पनि सुदूर सुन्दर संसारको परिकल्पनामा मुस्कुराउन लागेका मुहारमा लाली लाग्छ कि लाग्दैन भन्ने समयको पर्खाइ निरन्तर चलिरहेको वर्तमान परिवेश छ । विश्व वातावरण पनि अनेकौं उल्झनमा बहिरहेको परिवेशमा गर्नु र हुनुपर्ने धेरै कार्य र विषय छन् । एउटा सुन्दर मार्गको पर्खाइमा प्रतीक्षित यात्रुजस्तै भएर बाँचिरहेको परिवेशले निकै सुन्दर भविष्यको परिकल्पना गरेको छ । सुन्दर सपना बुनेको छ अनि नयाँ कार्यरम्भ गर्ने वतावरणको पर्खाइ गरिरहेको छ । यसैले अबको नेतृत्व कमाउन जानेभन्दा पनि केही दिनजाने प्रवृत्तिको होस् भन्ने भाव अन्तर्ध्वनित भएको पाइन्छ । लिएँ भन्दा पनि दिएँ भन्ने प्रवृत्तिको विकासँगै अबको गन्तव्य आत्मनिर्भरको बाटोमा अघिबढ्ने हुनुपर्दछ ।

एउटा बिरुवा बन्न सर्वप्रथम बीज नै सबल चाहिन्छ । सबल बीज भएपछि त्यसमा आवश्यक पर्ने मल जल आदि ऊर्जाले महत्वपूर्ण भूमिका खेल्ने गर्दछ । जसबाट नै एक सक्षमा रूखको निर्माण भएजस्तै व्यक्ति पनि सोही प्रक्रममा विकसित हुन्छ । संस्कृति, सभ्यता र विकासको मूल भनेको शिक्षा नै हो । जस्तो सिकेको छ त्यस्तै प्रयोगमा ल्याउने हो । यसैले अवको ध्यान मूलत: शिक्षमा हुनु आवश्यक छ । प्रथमिक तहदेखि नै सभ्य सुसंस्कृत बाटोमा हिँड्नसक्ने विद्यालयीय संरचनाबाट अघिबढ्नुपर्दछ । आजको बच्चाले जे जस्तो सिके भोलि त्यही जीवनमा प्रयोग गर्ने हुन् ।

आजको आवश्यकता धान्न सक्ने र आजको प्रविधिलाई पनि आत्साथ गर्ने जनशक्ति उत्पादन गर्ने स्वदेशीय सुगन्धसहितको प्राचीनदेखि अत्याधुनिक ज्ञान विज्ञानमा विभूषित हुनसक्ने शैक्षिक प्रणाली अबको प्रथमिकतामा हुनुपर्दछ । हाम्रा पाठ्यक्रम निर्माणदेखि प्रयोग सबैमा स्वदेशी लगानी हुनुपर्दछ । अनुदानबाट प्राप्त रकमले बनाइएका पाठ्यक्रमले स्वकीय माटोलाई देख्न सक्दैनन् । यसैले शिक्षाजगत्मा सर्वप्रथम आत्मनिर्भर हुनुपर्दछ र आत्मनिर्भर रहिरहने मार्गमा पनि अघि बढ्नुपर्ने देखिन्छ ।

अबको बाटो प्राच्यदेखि अत्याधुनिक प्रविधिसँग साक्षात्कार गर्नसक्ने हुनुपर्दछ । आजको उन्नत प्रविधिलाई आत्मसाथ गरी हाम्रा गूढतम रहस्यका विषयवस्तुलाई पनि तदनुकूल बनाउने बाटोमा अघि बढ्नु आवश्यक देखिन्छ । आजको एआईसँगै हाम्रा संस्कृति, सभ्यताका, ग्रन्थ परम्परालाई पनि जोड्न सकिन्छ । प्राच्य र आधुनिक विषय दुवैको मिहिन अध्ययन अनुसन्धानबाटै हाम्रो कल्याण सम्भव छ । आधुनिकताका नाममा स्वकीय अस्तित्व कदापि भुल्नु हुँदैन । किनकि हाम्रा पूर्खा ऋषि महर्षिले दिएका दिव्य ज्ञान नै आजको विज्ञानका जनक हुन् । हामीमा शास्त्र छन्, परम्परा छ, प्रयोगका उदाहरण छन् केवल अभ्यासको कमी छ । यसैले अवको मार्ग स्वकीय चिन्तनसहितको युगअनुकूल अभ्यास गर्नसक्ने हुनु आवश्यक छ ।पूर्वीय संस्कृति र सभ्यता विश्वमै सर्वप्राचीन मानिन्छ । ऋग्वेद सर्वप्राचीन ग्रन्थ हो । वेदमा मानव कल्याणका अनन्त उपाय छन् । आज ती ज्ञानको खोज अनुसन्धान र प्रयोगभन्दा पनि उपेक्षाको दृष्टिले हेर्ने प्रवृत्ति मौलाएको छ । जीवनदर्शन वेदको परं उपलब्धि हो । यही ज्ञानको खोजसँगै प्रयोग गरेर पाश्चत्य मुलुका समृद्ध भए भने हामी कस्तुरी बोकेर स्वयं वासनामा भौतारिएको मृगजस्तै हुन पुगेका छौं । नैतिक हुनु कुनै आडम्बरको आगो ताप्नु होइन । नैतिकता भनेको सभ्यताको चिनारी हो । नीति कुनै रुढीवादीको रट्ने मन्त्र होइन । जीवन जगत्लाई सुन्दर बनाउने सूत्र हो । सत्यको मार्गमा लाग्न अभिप्रेरित गर्ने, धर्मको मार्गमा अघिबढ्ने, नैतिक मूल्य र मान्यताका आधारमा कार्य गर्नसक्ने हुनु हो । ऋषिमुनिको हजारौं वर्षको खोज अनुसन्धानबाट प्राप्त ज्ञान र विवेकलाई हामीले स्वीकार्न नसक्दा नै यो अस्थिर वृत्तिले राज गरेको हो । युग परिवर्तित छ, परिवर्तको सकारात्मक पक्षलाई सबैले स्वीकार्नुपर्छ । हिजोका नीति आज सबै अनुपयुक्त भएका होइनन् । त्यसको सही व्याख्या र प्रयोग गर्ने व्यक्तिको मात्र अभाव भएको हो । सुन कहिल्यै पुरानो हुँदैन । मैलिनु भिन्नै कुरा हो । सुन सुन नै हो आगोमा तताएर परीक्षण गर्न सकिन्छ । त्यस्तै नीतिवचनलाई उजिल्याउनेको आज खाँचो भएको छ । जीवन र जगतको अनुभवजन्य ऋषि प्रणीत नैतिक शिक्षालाई आज पुन: प्रयोगमा ल्याउनु आवश्यक रहेको देखिन्छ । नैतिकवान् बन्नु सत्य निष्ठाको मार्गमा हिँड्नु हो ।जीवनलाई सही ढंगमा अगाडि बढाएर इहलोकको आनन्दपूर्वक भुक्ति र परलोकको मुक्ति प्राप्त गर्न नै यस्ता विषयवस्तु आवश्यक हुन्छन् । वास्वमा नैतिक उपदेश जीवनको मार्गदर्शन हो । यसैले सुन्दर समाजरूपी राष्ट्र बनाउन सबैमा नैतिक चेतना हुनु आवश्यक छ । आजका विद्यालय तहदेखिका पाठ्यक्रममा लागू गर्नु र व्यवहारमा पनि सबैले अपनाउनु आवश्यक छ । सत्यं वद (सत्य बोल), धर्मं चर (धर्म मान), मातृदेवो भव: ( आमालाई देवता समान मान), पितृदेवो भव: (बुबालाई देवता समान मान), अतिथि देवो भव: (अतिथिलाई देवतावत् व्यवहार गर) गुरु देवो भव: (गुरु देवता समान हुनुहुन्छ), स्वाध्ययन् मा प्रमद ( आफ्नो अध्ययनलाई कहिल्यै छोड्नुहुँदैन) आदि हाम्रा आदर्श हन्, उपनिषद्का मार्गदर्शन हुन् । यस्ता वैदिक सूक्तिले मानव जीवनको सही मार्गनिर्देश गरिरहेका छन् ।

सभ्य र सुसंसकृत प्रवृत्तिको विकास हामी स्वयंबाट थालनी गर्नुपर्दछ । अरूलाई दोष दिने प्रवृत्तिभन्दा पनि आफ्नै कमजोरी केलाएर अघि बढ्ने प्रवृत्तिको विकास हाम्रा लागि आवश्यक देखिन्छ । नयाँपन त्यत्तिकै आउने होइन । विकासका मुहान आकाशबाट झर्ने होइन् । निरन्तरको मिहिनेत, सुझबुझपूर्ण निर्णय र सही नीतिले तय गर्ने कुरा हुन् । यसैले यस्ता विषयमा पनि हामी निरन्तर लागिपर्न सक्नुपर्दछ । गुणभित्र दोष र दोषभित्रको गुण पनि देख्न सक्नुपर्दछ । हरेक विषय एवम् वस्तुका गुण र दोष दुबै पक्ष हुन्छन् । आफ्ना पक्षका गुणमात्र र अरूको पक्षका दोषमात्र देख्ने प्रवृत्तिले जीवनमा उन्नति गर्न सकिँदैन । गुणभित्रको दोष र दोषभित्रको गुण केलाउन सक्नुपर्दछ ।

हरेक विषयवस्तुलाई समालोचनात्मक दृष्टिले हेर्न सक्नुपर्दछ । नराम्राभित्रको राम्रो पक्षलाई ग्रहण गर्न सक्नुपर्दछ । यसैगरी राम्रोभित्रको नराम्रो पक्षलाई त्याग्न सक्नुपर्दछ । एकपक्षीय दृष्टिले उन्नति असम्भव रहन्छ । प्रतिशोधको भावनाले मनमा अहंकारको आगो पैदा हुन्छ र स्वयंलाई जलाउने गर्दछ । प्रतिशोध त्यागी क्षमाशील हुनु पनि उन्नतिको मार्गमा लम्किनु हो । यसैगरी अर्को छोड्नु नहुने कुरा भनेको धैर्य हो । जीवनमा धैर्यधारण गर्न सक्नुपर्दछ । अस्थिर चित्तले गरिएका कार्यमा सफलता नमिल्न सक्ने सम्भावना रहन्छ । चित्तलाई स्थिर बनाई गरिएका कार्य अधिक प्रभावकारी हुन्छन् । चञ्चल वृत्तिले गरिएका कार्यले सही परिणाम दिन सक्दैनन् । फलस्वरूप उन्नतिका मार्गमा अवरोध आउने गर्दछ । अबको बाटो आफैँले खनेको हुनुपर्दछ । आफ्नै परिश्रमले पसिना बगाएको हुनुपर्दछ । हिजो, आज र भोलि तीन पक्षलाई जोड्नसक्ने सम्बन्ध सेतुका मार्ग अब आवश्यक देखिन्छ । मन, वचन र कर्मले ऐकीभूत भएर अघिबढ्ने प्रवृत्तिले नै अवको उन्नति सम्भव छ । स्वकीय चिन्त, स्वकीय सामर्थ्यबाट जागृत हुने अबको बाटो आवश्यक देखिन्छ ।

*-इहिमालय टाइम्स*

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
- बुटवल ०७१-५४०२२२
- स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
- बुटवल रामनगर ०७१-५४१२३३
- भैरहवा ०७१-५२०१९९
- अर्घाखाँची ०७७-५२११९९
- गुल्मी ०७९-५२०१९९
- परासी ०७८-५२०१९९
- तौलिहवा ०७६-५६००९९
- पाल्पा ०७५-५२०५३६, ५२०१९९
- इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
- लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
- लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
- भिमअस्पताल भैरहवा ०७१-५२०१९३
- मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
- परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
- पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
- लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
- पिचन्द्र परासी ०७८-५२०१८८
- भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
- अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
- तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
- तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
- सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
- बुटवल हस्पितल ०७१-५४६४३२
- लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
- रेडक्रस बुटवल ५४१००४
- लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
- मेडिटेक अस्पताल ५४९०७२
- कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
- आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
- रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
- रोटरी क्लब बुटवल ०७१-५४४६००
- लियो क्लब अफ बुटवल ०७१-५४५८९३
- रेडक्रस भैरहवा०७१-५२०२६३
- रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
- परासी ०७८-५२०१२५
- रेडक्रस पाल्पा ०७५-५२०६००
- रेडक्रस तौलिहवा ०७६-५६००१५
- रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
- रेडक्रस गुल्मी ०८९-५२०१६३
- नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
- लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
- नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
- जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
- लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
- बनगाई क्लब बनगाई ०७६-६९०१०२
- रेडक्रस देवदह ०७१-५७७०९९
- लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
- बुटवल जेसिस ९८४७१२९९६४
- न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
- परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
- रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : करियरमा दबाव बढ्नेछ । व्यापार मा लगानी लगाउँदा विचार गर्नुहोला । | **तुला** : नोकरीमा अनुकूल स्थितिका योग छन् । मनमा परोपकारको भावना जागृत हुनेछ। |
| **वृष** : फजुल खर्च बढ्नेछ । आम्दनीलाई सन्तुलित राख्ने प्रयास गर्नुहोला। | **वृश्चिक** :उपलब्धिहीन समय व्यतीत हुने छ।राजनीतिमा सकारात्मक समय रहनेछ। |
| **मिथुन**:तारिफ योग्य काम गर्न सकिनेछ ।व्यापारमा फड्को मार्ने समय रहेको छ। | **धनु** : दिगो कार्य प्रारम्भ गर्न सकिनेछ । ठेक्कापट्टाबाट प्रशस्त लाभ हुनेछ। |
| **कर्कट** : शरीरमा थकानको महसुस हुन सक्छ । खानपिनमा विशेष ध्यान दिनुहोला। | **मकर**:नोकरीमा सफलता मिल्नेछ। रोकिएका कार्य सम्पादन हुनेछ। |
| **सिंह** :लगनशीलताले विरोधीहरू परास्त हुनेछन्।कमजोरीलाई सुधार्ने समय छ । | **कुम्भ**:विद्यार्थीको तर्कशक्तिमा वृद्धि हुनेछ।सन्तानको उन्नतिले मन प्रसन्न रहनेछ। |
| **कन्या** : गुमाएको स्थान प्राप्त गर्ने समय छ । आयआर्जनका स्रोतहरू फेला पर्नेछन्। | **मीन** :बिछोडले मन व्यतित रहन सक्छ। जग्गा जमिन आदिबाट लाभ मिल्नेछ। |

# कृषि

## मेसिनको प्रयोगले आम्दानी बढेपछि किसान उत्साहित




परम्परागत खेती प्रणाली त्यागेर प्रविधि रोजेपछि बाराको फेटा गाउँपालिका-१ त्रिवेणीका पारस ठाकुरले पछाडी फर्कनु परेको छैन । उनले ६ वर्षदेखि परम्परागत खेती प्रणाली त्यागेर आलु रोप्ने (पोटेटो प्लान्टर) र खन्ने मेसिन (पोटेटो डिगर) प्रयोग गर्दै आएका छन् । त्यसैले उनी अन्य किसानका लागि नमुना बनेका छन् । आलु लगाउने मेसिनले माटो धेरै थुपारेर ड्याङ बनाउने र उत्पादन राम्रो हुने गरेको उनको अनुभव छ । मेसिनले खन्दा आलुमा चोट शून्य हुन्छ ।'भारतीय ३७९७ र लल्कार जातको आलु लगाएको थिएँ,' उनले भने, 'ढिलो लगाएका कारण १० क्विन्टल प्रति का उत्पादन भयो । मसँगै बिउ लगेर चाँडै लगाएका साथीको १२ क्विन्टल फलेको छ ।'

मल र बिउ राखेर मेसिन चलाएपछि ड्याङ पार्ने र रोप्ने काम मेसिनले नै गरिदिन्छ । जनशक्ति लगाएर गर्नेभन्दा छिटो र कम खर्चमा काम हुन्छ । कृषि मजदुर नपाइरहेको समयमा मेसिन लाभदायी बनेको पारसले बताए । 'एक कामा आलु रोपेर माटो पुर्न ४ जनासम्म लाग्छ, ज्यामी पाउँदै पाउँदैन,' उनले भने, 'मेसिनले एकैपटकमा रोपिदिन्छ, उत्पादन पनि डेढ गुणा बढी हुन्छ ।' पारसलाई पछ्याउँदै गाउँमा अन्य किसानले पनि आलु खेती गर्दा मेसिन प्रयोग गर्न थालेका छन् । यस वर्ष गाउँमा २५ जना किसानले ५० विघा जमिनमा मेसिन प्रयोग गरेरै आलु खेती गरे ।विगतमा पारसलाई आवश्यक पर्ने मेसिन कृषि औजार अनुसन्धान केन्द्र रानीघाट, वीरगञ्जले उपलब्ध गराउँदै आएको थियो । यस वर्ष उनलाई फेटा गाउँपालिकाले ४ लाख रुपैयाँको आलु खन्ने मेसिन ५० प्रतिशत अनुदानमा उपलब्ध गरायो । खन्ने मेसिन केन्द्रले नै उपलब्ध गराएको थियो । फेटा गाउँपालिकाका अध्यक्ष रुस्तम अन्सारी प्रविधिमुखी हुने किसानलाई आवश्यक सहयोग गर्न पालिका सधैँ तयार रहेको बताउँछन् । चैत ९ गते कृषि औजार अनुसन्धान केन्द्रले लगेको अनुगमन टोलीलाई पारसले मेसिनबाट आलु खनेर देखाए।पर्साको जगरनाथपुर गाउँपालिका वडा नं. ३ बिजबनियाका किसानले मल्चिङ प्रविधि प्रयोग गरेर गहुँबाली लगाएका छन् । किसानलाई आवश्यक पर्ने विभिन्न प्रविधिको अनुसन्धान केन्द्रले गर्दै आएको छ । कृषि औजार अनुसन्धान केन्द्र, रानीघाटका प्रमुख वरिष्ठ वैज्ञानिक सचिन कुमार मिश्रका अनुसार बिजबनियामा ४० विघा खेतमा किसानले मल्चिङ प्रविधिबाट गहुँबाली लगाएका छन् । श्रीराम ३०३ जातको गहुँबालीमा मल्चिङ प्रविधि प्रयोग गर्दा उत्पादन बढेको र रासायनिक मलको प्रयोग घटेको उनको भनाइ छ । स्थानीय किसान अभय प्रसाद यादवले १६ विघामा मल्चिङ प्रविधिबाट गहुँ लगाएका छन् । एक विघामा ३० देखि ३२ क्विन्टल गहुँ उत्पादन भइरहेको उनले बताए । 'छर्ने मान्छे, जोत्ने मान्छे पाउँदैन, मेसिन नै चाहिने भइसकेको छ,' उनले भने, 'धान काट्न पहिले जिरो टेलर, पछि कम्बाइन्ड हार्भेस्टर आयो, ह्यापी टर्बोसिडर पनि प्रयोग गरेका थियौं, पराल त्यसै छोड्ने हुँदा जलाउने गरेका थियौं, यो मल्चिङ प्रविधि आएपछि पराल माटोमै मिलेर मलको काम गरिरहेको छ।'

राष्ट्रिय गहुँबाली अनुसन्धान कार्यक्रम, रुपन्देहीका बाली प्रजननकर्ता राजेन्द्र प्रसाद यादवका अनुसार मल्चिङ प्रविधिले गहुँबालीमा झार उम्रन दिँदैन ।'झारले ९० प्रतिशतसम्म उत्पादन घटाउँछ,' उनले भने, 'मल्चिङ प्रविधिले यसलाई शून्यमा झार्छ ।' श्रीराम ३०३ भारतीय गहुँ हो । बाली प्रजननकर्ता राजेन्द्रले नेपाली जातका गहुँको बिउ प्रयोग गर्दा किसानले नि:शुल्क बिउ पाउने र बाली बीमा गराउन समेत मिल्ने हुँदा बढी लाभदायक हुने सुझाव दिए । नेपाल कृषि अनुसन्धान परिषद ( नार्क) का कार्यकारी निर्देशक डा. कृष्ण प्रसाद तिमल्सीनाले परीक्षणबाट किसानलाई लाभदायक देखिएका कृषि प्रविधिहरू खरिद गरेर स्थानीय सरकारले किसानलाई उपलब्ध गराउनुपर्ने बताए। 'अनुसन्धानबाट प्रविधि आयो, किसानलाई फाइदा हुन्छ भने स्थानीय सरकारले अनुदान दिँदा त्यस्ता मेसिनमा दिनुपर्छ। अनि सबै किसानले लाभ लिन पाउनुपर्छ,' उनले भने। उनी समेतको टोलीले सोमबार गहुँबालीको स्थलगत अवलोकन गरेको छ।-*सेतोपाटी डटकम*

## किसान भन्छन्,'आलु खनौँ भाउ छैन, नखनौँ कुहिने डर'



काभ्रेपलाञ्चोकमा किसानले खेतबारीबाट आलु खनिरहेका छन् । उत्पादन बढे पनि आलु बिक्री गर्न बजार अभाव भएका कारण यहाँका किसान चिन्तित बनेका छन् ।

जिल्लामा प्रमुख रूपमा तरकारी उत्पादन हुने पाँचखाल, मण्डनदेपुर, नाला तथा पनौती क्षेत्रमा अहिले किसान धमाधम आलु खनिरहेका छन् । खेतका गह्राभरि आलुका बोरा ठडिएका छन् । सडक छेउमा पनि आलुको चाङ लागेको देखिन्छ । तर किसान भने खुसी देखिएका छैनन् । बजार मूल्य खस्किँदो छ । खेतबारीमै पुग्ने व्यापारी पनि आउन छाडेका छन् । "आलुको भाउ त घटेकै छ, तर व्यापारी पनि खेतबारीमा आउँदैनन्, व्यापारीलाई आफैँ बोलाएर आलु लैजान भन्नुपर्ने बाध्यता छ", पाँचखाल नगरपालिका-६ ढुंगानाबेँसीका किसान रामेश्वर सापकोटाले भने । उनका अनुसार अहिले आलु प्रतिकिलो सातदेखि १० सम्ममा बिक्री भइरहेको छ । आलु सस्तोमा बिक्री गर्नुपर्दा किसान आलु 'खन्ने या नखन्ने' अलमलमा देखिन्छन् । सापकोटा भन्छन्, "खनौँ भाउ छैन, नखनौँ कुहिने डर छ ।" यस वर्ष आलुको मूल्य घटेकाले लागत उठ्न हम्मेहम्मे हुने अगुवा किसान सापकोटा बताउन्छन् । उनका अनुसार केही किसानले आफैँ काठमाडौँको कालीमाटीस्थित तरकारी बजार लैजाँदा आलु नबिकेकाले व्यापारीकै भाउमा छाडेर आउनुपरेको छ । यसकारण पनि किसानको लगानी जोखिममा परको छ । अन्य बालीको तुलनामा आलुखेतीमा लागत खर्च बढी हुने गर्दछ । जमिन तयारी, प्राङ्गारिक तथा रासायनिक मल, आलुको बीउ, सिँचाइ, औषधि तथा जनशक्ति खर्च हिसाब गर्दा प्रतिकिलो १८ देखि रु २० सम्म पर्छ । विगत वर्षमा यही समयमा प्रतिकिलो रु २८ देखि रु ३५ सम्ममा आलु बिक्री हुने गरेको थियो ।

"छिप्पेको आलु नखन्दा खेतमै कुहिने डरले घाटा खाएरै भए पनि व्यापारीलाई प्रतिकिलो रु १० सम्ममा बेचियो, तर पैसा समयमै पाइने/नपाइने चिन्ताकै अवस्था छ", स्थानीय विजय पराजुलीले भने । पाँचखाल नगर कृषि शाखाका अनुसार नगर क्षेत्रमा करिब ७० हजार रोपनी क्षेत्रफलमा आलुखेती गरिन्छ । शाखा प्रमुख हेमन्त पौडेलले पाँचखालमा वार्षिक करिब ९० हजार मेट्रिक टनभन्दा बढी आलु उत्पादन हुने गरेको जानकारी दिए । उनका अनुसार यस वर्ष बजार मूल्य घटेका कारण किसानले कुल लागत मूल्यको तुलनामा करिब रु ६३ करोड ७० लाखको हाराहारीमा आम्दानी गुमाउने आँकलन गरिएको छ । सरकारले कृषि उत्पादनको उचित मूल्य निर्धारण, भण्डारणको व्यवस्था, सरकारबाट बजार व्यवस्थापन तथा आलु प्रशोधन उद्योगको विकास गर्नसके किसानको समस्या हल हुनसक्ने स्थानीय दामोदर अधिकारीको भनाइ छ । मण्डनदेउपुर नगरमा किसान झरी, बादल, घाम नभनी धमाधम आलु खनिरहेका भेटिन्छन् । मण्डनदेउपुर-१० स्थित मण्डन फाँटका ८२ वर्षीय पशुपति श्रेष्ठ भन्छन्, "यस वर्ष आलु गत वर्षभन्दा झण्डै दोब्बरले फलेको पाइयो, तर भाउ भने घटिरहेको छ, किसानलाई दुखैदु:ख छ ।" ज्वानेटार फाँटमा विगत १० वर्षदेखि व्यावसायिक रूपमा आलुलगायत तरकारीखेती गर्ने किसानको संख्या बढिरहेको छ । उक्त फाँटमा यस सिजनमा दुई सय रोपनी जग्गामा आलु रोपिएको स्थानीय किसान नारायण श्रेष्ठले बताए । उनले करिब १२ रोपनी जमिनमा आलु रोप्न थालेको पाँच वर्ष भइसक्यो । श्रेष्ठ भन्छन्, "गत वर्ष त्यही जग्गामा ६० बोरा जति आलु फल्यो, तर यो वर्ष भने १२० बोराभन्दा बढी फलेको छ, अहिले भाउ पोहोरको भन्दा तेब्बरले घट्यो ।" यतिबेला मण्डनदेउपुरका ज्वाँनेटार, जोगिटार, माइटार, कुन्ताबेँसी तथा चाखोलाका हजारौँ रोपनी खेतबारीमा आलुखेती गरिएको छ । जिल्ला कृषि विकास कार्यालयका अनुसार काभ्रेपलाञ्चोकमा हरेक वर्ष नौ हजार १६३ हेक्टर जमिनमा वार्षिक एक लाख ८९ हजार ७८ मेट्रिक टन आलु उत्पादन हुन्छ । यहाँका किसानले उत्पादन गरेको तरकारीजन्य वस्तुमध्ये उपभोगलाई छुट्याएर संघीय राजधानी काठमाडौँको बजारमा पुऱ्याउँदासमेत तरकारीको ३५ प्रतिशत हिस्सा काभ्रेपलाञ्चोकबाटै थेगिएको तथ्यांक छ । यसमध्ये आलुको मात्रा अग्रस्थानमा रहेको कार्यालय प्रमुख कुलप्रसाद दवाडी बताउँन्छन् । **-रासस**

## दुग्ध उत्पादक किसानले ५५ करोड भुक्तानी पाएनन्

चितवनका दुग्ध उत्पादक किसानले दुध बिक्री गरे बापत रु ५५ करोड भूक्तानी पाउन सकेका छैनन् । उनीहरुले बिगत ६ महिनादेखिको भूक्तानी पाउन नसकेका हुन् ।

जिल्ला दुग्ध उत्पादक सहकारी सैका अध्यक्ष किशोर वगालेका अनुसार गत कात्तिकदेखिको दुधको भूक्तानी नपाउँदा किसान समस्यामा छन् । बजारको समस्या नभए पनि दुग्ध विकास संस्थानसहित ठूला दूध उद्योगले रकम भूक्तानी नगर्दा दुग्ध उत्पादक किसान समस्यामा परेका हुन् । उनले भने, "संस्थानको ६ महिनादेखि र अन्य उद्योगको तीन महिनादेखिको भूत्तानी बाँकी छ ।" साना उद्योगले नियमित भूक्तानी गर्ने गरेको भए पनि ठूला उद्योगको भूक्तानी बाँकी रहेको अध्यक्ष वगालेले जानकारी दिए । जिल्लामा अहिले दैनिक तीन लाख ५० हजार लिटर दूध उत्पादन हुँदै आएको छ । जसमध्ये ५० प्रतिशतभन्दा बढी दूध बिक्री गर्न जिल्ला बाहिर लैजाने गरिन्छ । यहाँका ११५ दुग्ध उत्पादक सहकारी सैले दैनिक दूध संकलन गरेर ठूला उद्योगलाई बिक्री वितरण गर्ने गरेका छन् । ती सहकारीले समयमा भूक्तानी नपाउँदा किसानलाई भूक्तानी गर्न कठिन भएको उनले जानकारी दिए । जिल्लामा ४० हजार किसानले दूग्ध उत्पादन गर्दै आएका छन् ।-**रासस**

## खाद्यान्नमा बढ्दो परनिर्भरता

पछिल्लो समय नेपालको खाद्यान्न आयातमा परनिर्भरता झन् बढ्दै गएको पाइएको छ । चालु आर्थिक वर्ष २०८२-८३ को पहिलो आठ महिनाको तथ्यांकअनुसार धान-चामल, मकै, स्याउ र तरकारी जस्ता दैनिक उपभोग्य वस्तुहरूको आयातमा अघिल्लो वर्षको तुलनामा उल्लेख्य वृद्धि भएको छ ।

भन्सारविभागको तुलनात्मक तथ्यांकअनुसार यस अवधिमा सबैभन्दा बढी आयात हुने खाद्य वस्तुमा चामल,( धान, चामल र बासमतीसहित) अग्रस्थानमा रहेको छ । गत आर्थिक वर्ष २०८१-८२ को पहिलो आठ महिनामा २४ अर्ब ३६ करोड रुपैयाँको चामल आयात भएकोमा यस वर्ष १४.६ प्रतिशतले वृद्धि भई २७ अर्ब ९१ करोड रुपैयाँ पुगेको छ । यो अघिल्लो वर्षको तुलनामा ३ अर्ब ५५ करोड रुपैयाँले बढी हो ।त्यस्तै, फलफूलतर्फ स्याउको आयातमा पनि १५.५ प्रतिशतको बढोत्तरी देखिएको छ । गत वर्ष ७ अर्ब २ करोडको स्याउ भित्रिएकोमा यस वर्ष ८ अर्ब ११ करोड रुपैयाँ बराबरको स्याउ आयात भएको छ । अन्न बालीअन्तर्गत मकैको आयात पनि ७ अर्ब ९० करोड रुपैयाँ पुगेको छ, जुन अघिल्लो वर्षको तुलनामा १ अर्ब २ करोड (१४.८ प्रतिशत) ले बढी हो । भान्सामा दैनिक प्रयोग हुने आलु र प्याजको आयात तथ्यांक पनि उस्तै चुनौतीपूर्ण छ । आठ महिनाको अवधिमा ६ अर्ब ७९ करोड रुपैयाँको आलु आयात भएको छ, जुन गत वर्षको तुलनामा १४.३ प्रतिशतले बढी हो । सबैभन्दा उच्च प्रतिशतको वृद्धि प्याजमा देखिएको छ । प्याजको आयात १९.७ प्रतिशतले बढेर ४ अर्ब ९२ करोड रुपैयाँ पुगेको छ । यी तथ्यांकहरूले नेपाल कृषिप्रधान देश भएतापनि आधारभूत खाद्यान्नमा समेत विदेशी बजारमा निर्भर हुनुपर्ने अवस्थालाई थप प्रष्ट पारेका छन् । उत्पादन बढाउने सरकारी नीति र दाबीका बाबजुद आयातको ग्राफ उकालो लाग्नुले मुलुकको व्यापार घाटा न्यूनिकरणमा ठूलो चुनौती थपिएको छ । विशेषगरी चामल, मकै र तरकारी जस्ता वस्तुमा भएको यो वृद्धिले स्वदेशी उत्पादन र बजार व्यवस्थापनमा गम्भीर प्रश्न खडा गरेको छ ।

*(डिसी नेपाल)*

# गुल्मी अस्पतालमा स्तन क्यान्सरको सफल शल्यक्रिया




**हाम्रा संवाददाता** ————

**गुल्मी,** चैत १४ /सामान्यतया पर्याप्त स्रोत साधनको अभाव र ७० वर्षभन्दा माथिका बिरामीको शल्यक्रिया गर्न चिकित्सकहरु हिचकिचाउँछन् । यस्तो अवस्थामा बिरामीको शल्यक्रिया गर्नुलाई उनीहरु चरम जोखिम मान्दछन् । तर, गुल्मीमा सीमित स्रोतसाधनका बाबजुद पनि ७१ वर्षीया एक वृद्धाको स्तन क्यान्सरको सफल शल्यक्रिया गरिएको छ ।

तम्घासस्थित गुल्मी अस्पतालले पहिलो पटक रेसुङ्गा नगरपालिका-८ निवासी ७१ वर्षीया तुलसी विश्वकर्माको सफल शल्यक्रिया गरेको हो । अस्पतालले लुम्बिनी प्रादेशिक अस्पतालको विशेषज्ञ टोलीको सहयोगमा स्तन क्यान्सरको सफल शल्यक्रिया गरिएको जनाएको छ । विश्वकर्मालाई स्तन क्यान्सर देखिएपछि प्रारम्भिक उपचारका लागि गुल्मी अस्पतालमा चेकजाँच गरिएको थियो । थप उपचारका लागि उनलाई बुटवल रिफर गरिए पनि आर्थिक अवस्था कमजोर भएकाले बाहिर उपचार सम्भव नभएपछि पुन: गुल्मी अस्पतालमै शल्यक्रिया गरिएको गुल्मी अस्पतालका जनस्वस्थ्य निरीक्षक बोम अर्यालले बताए । अस्पतालले मासिक रूपमा लुम्बिनी प्रादेशिक अस्पतालबाट विभिन्न रोगका विशेषज्ञ चिकित्सक बोलाउने व्यवस्था गर्दै आएको छ । सोही कार्यक्रमअन्तर्गत आएका क्यान्सर रोग विशेषज्ञ डा. सञ्जय पाण्डेको नेतृत्वमा तीन जना चिकित्सकको टोलीले विश्वकर्माको सफल शल्यक्रिया गरेको हो । अहिले बिरामीको स्वास्थ्य अवस्था सुधारोन्मुख रहेको छ । शल्यक्रियामा संलग्न विशेषज्ञ डा. सञ्जय पाण्डेले सीमित स्रोतसाधनका बाबजुद पनि गुल्मी अस्पतालमा यस्ता जटिल सेवा दिन सफल भएको बताए । उनले क्यान्सरजस्तो जटिल रोगको उपचारका लागि आवश्यक उपकरण र जनशक्ति सीमित हुँदाहुँदै पनि शल्यक्रिया सफलतापूर्वक सम्पन्न गरिएको बताए । समयमै पहिचान र उपचार हुन सके बिरामीको ज्यान बचाउन सकिने उनको भनाई छ । शल्यक्रियापछि तुल्सी विश्वकर्माले आफ्नै जिल्लामै उपचार पाउँदा निकै खुसी लागेको बताइन् । बाहिर गएर उपचार गर्ने अवस्था नभएकाले यहीं नि:शुल्क रूपमा उपचार पाउँदा जीवन नै बाँचेजस्तो लागेको उनले बताइन् ।

## पाल्पा उद्योग वाणिज्य संघमा...

...क्षेत्र नं. ७ मा दुई सदस्यको लागि महेश शर्मा आचार्य, सविन मल्ल, मोहन बहादुर कुवँर र महेन्द्र श्रेष्ठबिच प्रतिष्प्रर्धा भएकोमा मोहन बहादुर कुवँर र सविन मल्ल निर्वाचित भएका छन् । यसैगरी क्षेत्र नं. १० मा दुई सदस्यको लागि सागर खड्का, विदुर घिमिरे, नविन घिमिरे, सुरेश गोदार र नम्रता थापाबिच प्रतिष्प्रर्धा भएको थियो । जसमा विदुर घिमिरे र सुरेश गोदार विजयी भएका छन् ।

यस्तै क्षेत्र नं ११ मा दुई सदस्यको लागि कमल प्रसाद पाण्डे, जीवन पाण्डे, अनित श्रेष्ठ र सन्तोष श्रेष्ठ चुनावी मैदानमा थिए । जहाँ समान ३१ मत आएपछि भएको गोलाप्रथामा जीवन पाण्डे बिजयी भएका छन् । पाण्डे र सन्तोष श्रेष्ठको बराबर मत आएको थियो । अर्का सदस्य कमल पाण्डे ३३ मत ल्याएर बिजयी भएका छन् ।

यस्तै गरी क्षेत्रगत सदस्यहरुमा क्षेत्र नं. २ बाट सञ्जय कुमार श्रेष्ठ र विष्णु बहादुर पछाई, क्षेत्र नं. ५ बाट विनायक महर्जन र किशोरदर्शन बज्राचार्य, क्षेत्र नं. ६ बाट लक्ष्मण प्रसाद रेग्मी र अमन श्रेष्ठ, क्षेत्र नं. ८ बाट रमेशराज बज्राचार्य, क्षेत्र नं. ९ बाट निराकार श्रेष्ठ, क्षेत्र नं. १२ बाट दिपक घिमिरे र गंगाराम नेपाल, क्षेत्र नं. १३ बाट समत मियाँ र एसोसियट सदस्यमा दामोदर गैरे भने यस अघि नै निर्विरोध निर्वाचित भएका थिए ।अध्यक्षमा निर्वाचित भएसँगै सिंहले जिल्लाको समग्र उद्योग, व्यवसाय र वाणिज्यको क्षेत्रमा उपलब्धिमूलक कार्ययोजना बनाएर कार्यान्वयन गराउन पहल गर्ने प्रतिवद्धता व्यक्त गरेका छन् । पाल्पा आफैमा पर्यटकीय क्षेत्र भएकाले त्यसको प्रवर्द्धनमा सिंगो नेतृत्वले काम गर्ने उनले बताए । प्रजातान्त्रिक मुलुकमा हुने निर्वाचनका दौरानमा पक्ष-विपक्ष देखिनु स्वाभाविक भएको भन्दै सिंहले निर्वाचनको अन्त्यसँगै सबै एक भएर लक्ष्य हासिलमा लाग्ने उद्घोष गरे ।

### खेलकुद समाचार

## प्रधानमन्त्री कप भलिबल वैशाखको दोश्रो हप्तादेखि हुने



**काठमाडौं,** चैत १४/नेपाल भलिबल संघ (एनभीए) को आयोजनामा दशौं प्रधानमन्त्री कप एनभीए महिला तथा पुरुष भलिबल लिग आउँदो वैशाखको दोश्रो हप्ता हुने भएको छ । आउँदो वैशाख १० गतेदेखि १९ गतेसम्म त्रिपुरेश्वरमा रहेको राष्ट्रिय खेलकुद परिषद् (राखेप)को कभर्डहलमा हुने नेपाल भलिबल सैले पत्रकार सम्मेलन गरी जानकारी गराएको हो ।

प्रतियोगितामा पुरुषतर्फ ८ र महिलातर्फ ६ गरी जम्मा १४ टोलीको सहभागिता रहनेछ । पुरुषतर्फ हेल्प नेपाल, त्रिभुवन आर्मी, नेपाल प्रहरी, एपीएफ, लुम्बिनीको खिल्जी युवा क्लब, पश्चिम रुकुम, कोशी प्रदेश र बुढानिलकण्ठ क्लब सहभागी हुनेछन् । महिलातर्फ न्यू डायमण्ड, नेपाल प्रहरी, एपीएफ, सुदूरपश्चिम, एभरेष्ट क्लब र त्रिभुवन आर्मी क्लबले प्रतिस्पर्धा गर्नेछन् ।प्रतियोगितामा महिला र पुरुष दुवैतर्फ समान पुरस्कार राखिएको छ । विजेताले १० लाख, उपविजेताले ५ लाख र तेस्रो हुने टोलीले २ लाख ५० हजार रुपैयाँ पाउनेछन् । यो भलिबल खेलकै इतिहासमा अहिलेसम्मकै सबैभन्दा ठूलो नगद पुरस्कार हो । यस्तै, सर्वोत्कृष्ट खेलाडीलाई ६० हजार तथा उत्कृष्ट सर्भर, ब्लकर, लिवेरो, स्पाइकर, सेटर र प्रशिक्षकलाई जनही ३० हजार रुपैयाँ प्रदान गरिनेछ । प्रतियोगिता सञ्चालनका लागि झन्डै १ करोड १५ लाख रुपैयाँ खर्च हुने अनुमान गरिएको छ । साथै, हरेक टोलीले बढीमा ३ जना विदेशी खेलाडी सहभागी गराउन पाउने व्यवस्था गरेको नेपाल भलिबलले जनाएको छ ।

वर्गिकृत डिस्प्ले
१X५ साइजमा मात्र
वर्गिकृत डस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।
सम्पर्क: ०७५-५२०६०१

### अर्थ/कर्पोरेट समाचार

## कुमारी बैंकको मास्टर कार्ड सेवा सुरु




**पाल्पा,** चैत १४/ कुमारी बैंक लिमिटेडले मास्टरकार्ड सञ्चालनमा ल्याएको छ । बैंकले नयाँ वर्षको अवसरमा मास्टरकार्ड सञ्चालनमा ल्याएको हो ।

काठमाडौंमा बिहीबार पत्रकार सम्मेलन गरी बैंकले औपचारिक रुपमा सेवा सञ्चालनमा ल्याएको जानकारी दिएको छ ।यस कार्डबाट बैंकका ग्राहकहरुले सुरक्षित र सरल तरिकाबाट बैंकिङ् कारोबार गर्न सक्ने बताइएको छ । प्रमुख कार्यकारी अधिकृत रामचन्द्र खनालले डिजिटल रुपान्तरण तथा ग्राहकमैत्री सेवाका क्षेत्रमा बैंकले लिँदै आएको अग्रसरताबारे संक्षिप्त जानकारी दिँदै मास्टरकार्डजस्ता विश्वव्यापी भुक्तानी समाधानले सेवा क्षमतामा थप वृद्धि गर्ने बताए । बैंकका प्रमुख डिजिटल बैंकिङ अधिकृत अनिश ताम्राकारले मास्टरकार्डको महत्व, यसको प्रयोगका सम्भावना तथा ग्राहकलाई पुग्ने प्रत्यक्ष फाइदाबारे जानकारी दिँदै डेबिट मास्टरकार्डले भौतिक तथा डिजिटल दुवै माध्यमको उपयोग सरल र सुरक्षित हुने धारणा व्यक्त गरे । बैंकले जारी गरेको डेबिट मास्टरकार्ड नेपाल, भारत र भुटानका सबैमास्टरकार्ड स्वीकार गर्ने एटीएम तथ पीओएसमा प्रयोग गर्न सकिने, मास्टरकार्डको क्रेडिट कार्ड सेवा पनि चाँडै सुरु हुने मास्टरकार्डमार्फत अनलाइन तथा अन्तर्राष्ट्रिय भुक्तानीसमेत सहज हुने जनाएको छ ।

मनको आवाज............
'नाम पनि यूनिक, काम पनि यूनिक'
यूनिक एफ.एम. ९४.२ मेगाहर्ज
विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई